# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या : २०७५।७६
चलानी नं. :

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
मोलुङ्ग गाउँपालीका,
ओखलढुंगा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मोलुङ्ग गाउँपालीकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ५ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.६८ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख ७८ हजार र पेश्की रु.१३ लाख ७० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।२० मा जारि गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रमाण कागजात सहितको प्रतिक्रिया पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना बीस (२०) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# मोलुङ्ग गाउँपालीका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न मोलुङ्ग गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो पालीका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य ११२ व.की.मी.क्षेत्रफल, १५८६२ जनसंख्या १ प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम मोलुङ्ग गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## संचित कोषको विवरण

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | **१६७८०९६५९** |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | **८६४०५४५३** |
| | ख) बैंक | ४९०७६०२ | ३ | **कोष खर्च** | **४६२६०८** |
| २ | **राजस्व (आन्तरिक आय)** | | | ङ) अर्थ वजेट | २१२४२७० |
| | क) आन्तरिक राजस्व | ४९९७८१ | ४ | **मौज्दात** | |
| | ख) राजस्व बाँडफाँड | | | क) नगद मौज्दात | |
| | ग) अन्य आय | | | ख) बैंक मौज्दात | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | साविक गाविस. | १०७६०२ |
| | क)वित्तीय समानीकरण अनुदान | १४१०८१००० | | समानिकरण | ३३८४२७७४.८९ |
| | ख) सशर्त अनुदान | १०४५३२००० | | आन्तरिक आय | ४९९७८१ |
| | ग) समपूरक अनुदान | | | | |
| | घ) विशेष अनुदान | | | | |
| | ङ) अर्थ वजेट | २१२४२७० | | | |
| ४ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त रकम** | ३७०६३५७६ | | | |
| 6 | **अन्य विविध आय** | १०४३९१८.८९ | | | |
| | **जम्मा** | **२९१२५२१४७.८९** | | **जम्मा** | **२९१२५२१४७.८९** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ भाद्र ३० मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तयारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| ३. | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न नगरी २०७४ भाद्र ३० गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला १९६ समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● क्षेत्रगत रुपमा गाँउसभाले आर्थिक विकासमा रु.४० लाख, सामाजिक विकासमा रु.४७ लाख, पूर्वाधार विकासमा रु. ६० लाख, वातावरण तथा विपद व्यवस्थापनमा रु. ४० लाख, संस्थागत विकास र सुशासनमा रु. ९ लाख ७६ हजार, लेखापरीक्षण वित्तिय व्यवस्थापन र सुशासन तर्फ रु. १५ लाख ५० हजार वाडफाँड गरेको छ ।<br>● प्रत्येक ८ वडामा क्षेत्रगत रुपमा पूजीगत तर्फ प्रत्येक वडाको लागि रु. ७० लाखले रु. ५ करोड ६० लाख र वडाको संचालन खर्च प्रत्येक वडाको लागि रु. ४ लाखका दरले रु.३२ लाख छुट्टायाएको छ ।<br>● गाँउ पालीकाको चालु खर्च वापत रु. ४ करोड ८ लाख ५५ हजार र पूँजीगत तर्फ रु.२ करोड ४६ लाख विनियोजन गरेको छ ।<br>● सशर्त अनुदानमा प्राप्त स्वास्थ्य, शिक्षा, कृषि, आयुर्वेद र पशु विकासको लाीग प्राप्त भएको रु.१०,४५,३२,०००/- सोहि शिर्षकमा खर्च हुनेगरी व्ययको अनुमान स्वीकृत गरेको छ ।<br>● समग्रमा गाँउपालीकाले रु. २४,३६,०५,५००/- को आय अनुमान र व्यय तर्फ रु.२४,१०,१७,०००/- अनुमान गरेको देखिन्छ । | |
| ३.१ | **अनुमानमा घटी आय :** गाँउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २५,८८,५००/- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.४,९९,७८१/- अर्थात अनुमानको तुलनामा ५.१७ गुणाले घटी आय प्राप्त गरेको छ । आयको अनमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । प्रत्येक वडाले प्राप्त गरेको सवै आय गाँउपालीकामा पठाउनुपर्ने व्यवस्था अनुरुप देहाय वमोजिम रकम प्राप्त भएको देखिन्छ :<br><br>**वडा नं.** \| **रकम** \| **वडा नं.** \| **रकम** | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>३५०००/-</td><td>५</td><td>३०५००/-</td></tr>
<tr><td>२</td><td>२७१९३/-</td><td>६</td><td>१२९६७७/-</td></tr>
<tr><td>३</td><td>५४५८२/-</td><td>७</td><td>१११०००/-</td></tr>
<tr><td>४</td><td>४०३००/-</td><td>८</td><td>३७०८४/-</td></tr>
<tr><td>गाउपालीका</td><td>३४४४५/-</td><td>जम्मा</td><td>४९९७८१.००</td></tr>
</table>
मालपोल, दस्तुर लगायतमा उठ्नूपर्ने राजस्व घटी उठेको दखिदाँ सो उपर आवश्यक छानविन गरी आन्तरिक आय प्राप्तीमा विशेष निगरानी वढाउनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>४.</td><td>आन्तरिक नियन्त्रण प्रर्णाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालीकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनू पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>श्रोत अनुमान तथा वजेट सिमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमाको लागी मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखे तापनि गाँउ सभाले विभिन्न ठुला योजना जस्तै गाँउपालकि रिडरोड, सेप्ली झरनाको पर्यटकिय क्षेत्र विकास, सडक कालोपत्रे, प्राविधिक शिक्षालय, सुरुङमार्ग, शहीदपार्क निर्माण, गुरुकुल भवन निर्माण लगायतका ६२ वटा साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्यनमा ल्याउन छनौट गरेको छ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।</td><td></td></tr>
<tr><td>६.</td><td>वजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । वडागत योजना, गाउँपालीका योजना र विषयगत पूर्वाधार क्षेत्रमा एउटै कार्याक्रम ३ ठाउमा रकम विनियोजन गरेको छ । जस्तैः गाउँपालीका अन्तर्गत वडा नं. ८ मा रहेको डाडा गाउँ– श्रीवनी –रामपुर सडक को लागि वडाले रु.१२ लाख तथा गाउँपालीकाले सार्वजनिक निर्माणको वजेटवाट सोही योजनामा रु. १७ लाख छुट्याएको देखिँदा दोहोरो परेको छ। त्यस्तै सोही वडा नं. ८ मा ठाडे मामखर्क चौरीखर्क– सडक खण्डको लागि वडा वाट रु. १५ लाख र गा.पा.वाट ७ लाख विनियोजन हुदाँ दोहोरो परेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र गापाको सार्वजनिक निर्माण सँग योजना दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठउवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>आन्तरिक ऋण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक,</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालीकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको दखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । गाँउपालीको वित्तिय प्रगति निम्नानुसार देखिन्छ : (रु.০০০मा) | |

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १४१०८१ | १०८२८२ | ७६.७५ |
| २ | सशर्त अनुदन | १०४५३२ | १०४०६९ | ९९.५५ |
| ३ | लाईन आईटम वजेट | ३७०६३ | ३७०६३ | १०० |

| | | |
|---|---|---|
| | वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तिय प्रगति अपेक्षापूर्ण वनाउन आवस्यक छ । | |
| ९.१ | **योजनागत लक्ष्य प्रगति** : यस गाँउपालिका अन्तर्गत २०७४।७५ मा क्षेत्रगत तथा समानिकरण अनुदान समेत २८९ योजना स्वीकृत गरेकोमा २८२ योजना सम्पन्न गरेको उल्लेख छ । ६ योजनामा पेश्की गएको र १ योजना क्रमागत रुपमा रहेको उल्लेख छ । योजना समयमा सम्पन्न गरिनुपर्दछ । | |
| १०. | **बैंक हिसाब :** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । आन्तरिक आयवाट मूलकोष ट्रान्सफर गर्नुपर्ने रु.१६,०००/- समेत मुलकोषमा रु. ३,३८,४२,७७४।८९ र आन्तरिक आय तर्फ रु. १६,०००/- घटाई रु.४,९९,७८१/- राष्ट्रिय वाणिज्य वैंकको खाताहरुमा मौज्दात रहेको छ । नगद मौज्दात बाँकी छैन । गत विगतको प्रतिवेदन अनुसार साविक गाँउ विकास समितिको वैंक खातामा देखिएको रु.१,०७,६०२/- यो वर्ष पनि गा.पा.ले फिर्ता लिएको छैन । उक्त रकमको खाता वन्द गरी गराई मूलकोषमा ट्रान्सफर गर्नुपर्ने रु. .. | १०७६०२ |
| ११. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १० प्रतिशत रु ८६,४०,५४४/- , दोश्रो चौमासिकमा २८ प्रतिशत अर्थात रु. २,४१,९३,५२६/- र तेश्रो चौमासिकमा ६२ प्रतिशत रु. ५,३५,७१,३८२/- खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १२. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३२ रहेपनि पदपूर्ति १३ रहेको देखियो । १ अधिकृत सहित १९ पद रिक्त रहेका छन । ति मध्ये १३ जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १३. | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विगतमा नेपाल सरकारवाट गाँउपालीकावाट उपलब्ध गराएका कृषि, पशु, शिक्षा, महिला सम्वन्धि विउँपूजी, लगायतको कारोवारको श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १४. | **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत हानी नोक्सानी हूनेगरी खर्च गरेको तथा नियमावलीको पालना नगरेको अवस्था देखिन आएन । वित्तिय जवाफदेहिताको सूचीगत विवरण यसै साथ संलग्न छ । | |
| १५. | **वक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्रि, मालपोत, अन्तशुल्क, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नूपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १६. | **विशेष भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट गाँउसभाले २०७५ अषाढ २६ को अनुमोदन अनुसार २०७४।७५ को गाँउ सभा तयारीका लागि ८ कर्मचारीलाई १ महिना वरावरले हुने प्रोत्साहन भत्ता वापत रु. १,७३,६८०।- खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १७. | **सःशर्त अनुदान** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यःतया शिक्षा, स्वास्थ्य र कृषि तथा पशुपंक्षी मन्त्रालय लगायतबाट रु.१०,४५,३२,०००/- प्राप्त भएको रकम मध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था अनुरुप गाउँपालिकाले रु.४,६२,६०८/- खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा मिति २०७५।३।२९ मा दाखिला गरेको छ । | |
| १८. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| २०. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| २१. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार प्रत्येक स्थानीय तहको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| २२. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २३. | **सामाजिक सुरक्षा भत्ता :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत कुल रु.३,५०,६१,२००/- निकासा भएकोमा सोही अनुसार खर्च गरेको छ । | |
| २५.१ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन ।<br>जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७३/७४ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्ट गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैड्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ । | |
| २५.२ | **वितरण भई बाँकी रकम :** निकासा अनुसार खर्च भिडान हुनु पर्दछ । निम्नानुसारका वडामा निकासा भएको सामाजिक सुरक्षा भत्ता वापतको वितरण नभई बाँकी रहेको रकम असूल गरी संघीय संचीत कोषमा दाखिला गर्नुपर्ने रु. ............. | ९९२००।— |

| सि.नं. | वडा | वडा सचिव | रकम |
|---|---|---|---|
| १ | २ | श्री दिप कुमार घिमिरे | ६०,८००।- |
| २ | ३ | श्री गुरु प्रसाद खतिवडा | १६,०००।- |
| ३ | ५ | श्री मित्र प्रसाद पोखरेल | ६,४००।- |
| ४ | ७ | श्री केशर सिंह कार्की | १६,०००।- |
| | | **जम्मा** | **९९,२००।-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २४. | **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकममा अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको कार्य वापत विभिन्न फर्मलाई गरेको भुक्तानीमा नियमानुसार अग्रीम कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा कर कट्टा गर्न छुट भएको वा घटि कट्टा भएको देखिएको रु. ७४०६४/- असुल गर्नुपर्दछ, रु. ................. | ७४०६४/- |

| भौ.नं. र मिति | वडा | काम | भुक्तनी भएको पार्टी | भुक्तानी रकम | छुट कर रकम |
|---|---|---|---|---|---|
| १४-०७५/१/१३ | ३ | कुलखोला मोटरवाटो निर्माण | लगलगे कन्सट्रक्सन | २९१००० | ३८६३ |
| १६-०७५/२/१ | ३ | देउराली ढाड पाखा वाटो निर्माण | | ३२३००० | ४२८८ |
| २-०७४/९/२८ | गापा | लिपेखोला मोटरवाटो | शाक्य नि.से. | २५७५२२ | ३८६३ |
| ४-०७४/९/२८ | गापा | जिरो पोइन्ट कुन्तादेवी सडक | शाक्य नि.से. | ९७००० | १४५५ |
| ५५-०७५/२/२२ | गापा | विनायक हार्डवेयर | गहते खानेपानी ट्याङ्की निर्माण | ७५६८० | ५९५ |
| | गापा | मस्वासे प्रोत्साहन | स्वयमसेविका | ४००००० | ६०००० |
| | | **जम्मा** | | | **७४०६४/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २५. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाँउपालिकाको ११ जनाको नाममा रु.१३,६९,९८०/- पेश्की वाँकी देखिन्छ । पेश्की वाँकी रकम नियमावलीमा भएको व्यवस्था वमोजिम अविलम्ब फछ्र्यौट गर्नुपर्ने रु. ...................... | १३,६९,९८० /- |

| सि.नं. | उपभोक्ता समितिको अध्यक्ष | उद्देश्य | पेश्की वाँकी रकम |
|---|---|---|---|
| १ | युवराज कार्की १ नं. वडा | च्यानडाँडा | २९१००/- |
| २ | मणीराम दहाल १ नं. वडा | गौरीगाँउ सडक | ३२०००/- |
| ३ | टंककूमार वाग्ले ३ नं. वडा | देउराली सडक | २९१०००/- |
| ४ | शान्तिराम दाहाल ३ नं. वडा | ढाँडेस्वारा सडक | १६८७८०/- |
| ५ | काली प्रसाद फूयाल ३ नं. वडा | वोचपूल कूलो | ३८८००/- |
| ६ | कृष्णराज नेपाल (गापा) | दोभान सिंचाई | ५०००००/- |
| ७ | प्रेम वहादुर सुनुवार (गापा) | हेल्थ भवन | ८७३००/- |
| ८ | देवेन्द्र व.तामाङ्ग (गामा) | धुन्सा पूल | ५६०००/- |
| ९ | फणिन्द्र प्रसाद फूयाल (गापा) | बुढी झोपू | ६३०००/- |
| १० | केदार व.खत्री | निवारे झोपू | ५४०००/- |
| ११ | सन्त व.खत्री | खुदुर्कि झोपू | ५००००/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा १३,६९,९८०/- | |
| | साथै साविक गाँउ विकास समितिको पेश्की वेरुजू रकम समेत सारी एकिकृत पेश्कीको विवरण तयार गर्नुपर्नेमा सो प्रक्रिया अवलम्वन नगरे वाट विगतको पेश्की वाँकी र फछ्र्यौटको स्थिति मुल्याङ्कन गर्न सकिएन । विगतको पेश्की जिम्मेवारी सारी अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| २६. | **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाँउपालिका कार्यालयवाट ११ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.१३,६९,९८०/- को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २७. | **आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| २८. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।  उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २९. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । साथै स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालीका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ३०. | **लक्षित समूह खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमुखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले कार्यक्रम वाहेक महिला स्वास्थ्य स्वयम सेविकालाई प्रति कर्मचारी रु. ५०००/- ले ८० जनाको रु.४,००,०००/– प्रोत्साहन वापत खर्च लेखेकोले कार्यविधिको पालना गरेको देखिएन । यस्तो खर्च रकम नियमित गर्नुपर्ने रु. ........................................................................ | ४,००,०००/– |
| ३१. | **विना प्रतिस्पर्धा खरिद :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्दछ । यो वर्ष कार्यालयले देहाय वमोजमका खरीद कार्य सिलवन्दि दरभाउपत्र तथा वोलपत्रको माध्यम नअपनाई मेशिनरी औजार, फर्निचर तथा उपकरण लगायतका सामानहरु खरिद वापत आर्पूतकलाई भूक्तानी गरेको छ । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनुपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था रहेन । तसर्थ कम मूल्यमा सामान प्राप्तीको लागि प्रतिस्पर्धा अपनाउनूपर्ने र सोझै खरिद गर्ने प्रक्रिया नियन्त्रण गरिनुपर्दछ । | |

| सि.नं. | भौ.नं. र मिति | सामानको नाम | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | १-०७४/६/४ | कम्प्यूटर | ८ थान | ५०००२० |
| २ | | luminous Invertor 1500vA | ८ थान | २९६०१४ |
| ३ | | exide ब्याट्रि | १६थान | ४९६०२८ |
| ४ | | सोलार प्यानल | १६थान | ३६०००० |
| ५ | | प्रिन्टर | ८ थान | ४८०९२८ |
| ६ | ५-०७४/७/१३ | Dell laptop | १ थान | ५५३७० |
| ७ | १७-०७४/९/२ | Dell desktop with printer + printer | २ + १ थान | १४५७७० |
| ८ | १७-०७५/१/१४ | Laptop +Desktop+ printer | 1+1+1 | १८७९१९ |
| ९ | २१-०७५/३/२१ | Dell i7 laptop | १ थान | ९७०५० |
| | | | **मेशेनरी को जम्मा** | **२६१९०९९/-** |
| १० | ९-२०७४/९/२१ | फर्निचर | | ८००२५३/- |
| ११ | २३-०७५/३/२२ | | | १२१३२२५/- |
| | | | **जम्मा** | **२०१३४७८/-** |
| १२ | १३३-०७५/३/३१ | **कार्यालय सामान** | | **२५८२१६/-** |
| १३ | १३४-०७५/३/३१ | | | **४९२८१३/-** |
| | | | **जम्मा** | **७५१०२९/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३२. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालीकाले यो वर्ष वातावरण संरक्षण तर्फ रु.२० लाख वजेट तय गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाँउक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भुस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधारको लागि बजेट व्यवस्था भएकोमा रु. ८ लाख ८७ हजार खर्च गरी ४४% प्रगति गरेको छ । ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान सञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | |
| ३३. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको छैन । सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३४. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ। | |
| ३५. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । सेपली ३ तले झरना र थानीढुङ्गा झरना तथा पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| ३६. | **भरपाई नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। गाँउपालिका अन्तर्गत निम्नानुसारका वडामा वितरण गरेको विभिन्न सामाग्री बुझेको भरपाई संलग्न गरेको देखिएन । सामान बुझेको भरपाई पेश गर्नु पर्दछ, रु. | २,०२,४७५।– |

| भौ.नं./मिति | वडा | विवरण | रकम |
|---|---|---|---|
| ११-०७४/११/२६ | ८ | कट अफ मेशिन १० थान खरिद गरेकोमा ९ थान मात्र विरतण गरेको भरपाई पेश, १ थानको भरपाई नभएको | ८४७५।- |
| २५-०७५/३/२० | ८ | ५०० ली. को हिल टेक ट्याङ्की खरिद २७ थान (हिलटेक ट्याङ्की खरिद उ.स.) | १९४०००।- |
| | | **जम्मा** | **२,०२,४७५।-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३७. | **पूँजीगतबाट चालु खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । गाँउपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु.१३,७३,०००।- चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नुपर्ने रु. ……. | १३७३०००।– |

| सि.नं. | भौ.नं. र मिति | वडा नं. | खर्च गरको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | ४०-०७५/३/२२ | ४ | म.स्व.स्वय.से. प्रोत्साहन भत्ता | ३३४०००/- |
| २ | ४४-०७५/३/३२ | ७ | लक्षितवर्गको भेषभुसाको लागि | २५५०००/- |
| ३ | १५/०७४/११/२८ | | म.स्व.स्वय.से. प्रोत्साहन भत्ता | १०८०००/- |
| ४ | ४६-०७५/३/२१ | | सडक नाटक | ५००००/- |
| ५ | ७०-०७५/३/३१ | २ | प्रजनन स्वास्थ्य कार्यक्रम | २२९०००/- |
| ६ | ५२-०७५/३/२१ | ६ | महिला शसक्तिकरण | ९७०००/- |
| ७ | ५४-०७५/३/२१ | ६ | वालविकास क्षमता विकास कार्यक्रम | ५००००/- |
| ८ | ४८-०७५/३/३२ | ५ | म.स्व.स्वय.से. प्रोत्साहन भत्ता | २५००००/- |
| | | | **जम्मा** | **१३७३०००/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३८. | **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएको देखिन्छ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३९. | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न अनुसारको निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नगरी बढी भुक्तानी भएको रु.५६,६९६।- असुल गरि दाखिला गर्नुपर्दछ, रु. ........ | ५६६९६।– |

| भौ.नं./मिति | उपभोक्ता समिति | सम्झौता रकम | गा.पा. | उपभोक्ता | बिल वमोजिम भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४-०७४/९/२८ | जिरो पोइन्ट कुन्ता देवी मान्द्रे दोभान मोटर बाटो सुधार उ.स. | १३६१४४ | ९७००० | ३९१४४ | ९७००० | **२७८८७** |
| २९-०७४/१२/५ | चिउरी बोटे सडक मर्मत उ.स. | २२७८३७ | १९४००० | ३३८३७ | १९४००० | **२८८०९** |
| | **जम्मा** | **३६३९८१** | **२९१०००** | **७२९८१** | **२९१०००** | **५६६९६** |

| | | |
|---|---|---|
| ४०. | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । गाँउपालिकाले सेवा प्रवाहको लागि भएको भनी विभिन्न मितिमा सम्झौता गरी गाँउपालिकबाट सिफारिसको आधारमा कम्प्यूटर अपरेटर तथा अमिन कर्मचारी नियुक्ती गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा सिफारिसको आधारमा करार सेवा लिई आ.ब. २०७४।७५ मा रु.८१,३०० /- खर्च गरेको रकम नियम सम्मत नभएको रु....... | ८१,३००/- |
| ४१. | **आर्थिक साहायताः** कार्यालयले आन्तरिक पूंजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट यो वर्ष विभिन्न व्यक्तिलाई विपद् व्यवस्थापन भनि रु. २,८४,०००/- र चालु खर्च शीर्षकबाट खेलाडी तथा अन्यलाई रु. १,०७,०००।- समेत रु. ३,९१,०००।- उपलब्ध गराएको छ । यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ । | |
| ४२. | **आन्तरिक आय ठेक्का :** सम्झौताको शर्त बमोजिम आय ठेक्काबाट प्राप्त रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । सम्झौतामा उल्लेख गरेको समयमा नबुझाएमा सम्झौता भंग गर्न सक्ने उल्लेख भएको तथा ढिला बुझाएमा के कति जरिवाना लिने उल्लेख गरेको छैन । सो अनुसारका कार्य गरिनुपर्दछ । | |
| ४३. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । | |
| ४४. | **तलवी प्रतिबेदन :** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराइ तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ४५. | **कार्यक्रम बेगरको खर्च :** ६८- २०७५/३/२० , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । गाउँसभावाट पारित भएको पूँजीगत तर्फको गरिब, बिपन्न, दलित, महिला, अपाङ्ग, जनजाती क्षमता विकास तथा कम्प्यूटर तालिम कार्यक्रमको रू. ६,००,०००।- मध्ये बाट वडा स्तरिय निर्णय गरी Genuine Computer sales & Suppliers र श्रेष्ठ इलोक्ट्रोनिक्स, ओखलढुङ्गा वाट रू. ४,००,०००।- (भ्याट समेत) मूल्य | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बराबरको ९ थान कम्प्यूटर खरिद गरेको देखियो । गाउँ परिषद बाट कार्यक्रम संशोधन नगरी वडा स्तरको निर्णयवाट फरक कार्यक्रममा खर्च लेखेको नियमसम्मत देखिएन । साथै उक्त ९ थान कम्प्यूटर गाउँपालिकाको एकिकृत जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु. .... | ४,००,०००।– |
| ४५.१ | १९-२०७५/२/६, वडा नं. ८ को देवीथान सडक निर्माण, सैमाल कार्यक्रमको रकमबाट कार्यक्रम संशोधन बेगर कात्तिके सडक निर्माण योजनामा खर्च लेखेको नियमसम्मत देखिएन, रु. | २,९१,०००।– |
| ४५.१ | २५ - २०७५/२/८, मोलङ्ग्रा सिंचाई योजनाको रकमबाट कार्यक्रम संशोधन बेगर मोलुङ लघु जलविद्युत योजना कुलो निर्माणमा खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. ............... | ४,००,०००।– |
| ४६. | **बिल भन्दा बढी भुक्तानीः** १८-२०७५/२/६,अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष ८ नं. वडामा खानेपानी मर्मत तथा ट्याङ्की निर्माण कार्यक्रमको लागी स्वीकृत लागत अनुमानमा २० एम.एम. एच.डि.पि. पाइप ३०० र.मि. र १६ एम.एम. एच.डि.पि. पाइप १२०० र.मि. लाग्ने उल्लेख छ । निर्माण सम्पन्न पश्चात प्राप्त कार्यसम्पन्न प्रतिवेदन र नापी किताबमा २० एम.एम. एच.डि.पि. पाइप ३०० र.मि. र १६ एम.एम. एच.डि.पि. पाइप १२०० र.मि.समेतको रू. ३७,४४९।- खर्च भएको देखिन्छ । तर श्रेस्ता सँग संलग्न करूणा अर्डर एण्ड सप्लायर्स, ओखलढुङ्गाको बिलमा २० एम.एम. एच.डि.पि. पाइप ४०० र.मि. रू. ३१ को दरले रू. १२,४००।- मात्र उल्लेख छ । नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख गरेको पाइप खरिद गरेको प्रमाण पेश हुन सकेन । बिल वमोजिम बाहेक नापी किताबमा वढी परीमाण उल्लेख गरी बढी खर्च लेखेको रू. २५,०४९।- असूल गरी दाखिला गर्नुपर्ने रु. ..... | २५,०४९।– |
| ४७. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले शुत्र प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याइनू पर्दछ । | |
| ४८. | **भुक्तानी दिन वाँकी विवरण :** गाँउपालीका कार्यालय अन्तर्गत शिक्षा सँग सम्वन्धित देहायको रकम नपुग भएको भनि भुक्तानी दिन वाँकी हिसावमा देखाएको छ । (तालिका तल) | |
| ४९. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले संचालनमा ल्याएको ठुला थलहरी सैभाल सडक योजना ढाँडे यामु खर्क सडक योजना, वागचिन्हे रचने सडक, मंगलवारे सडक योजना, माम्डा पात्ले सडक योजना, राँगादिप सडक, मानेगाँउ घलेगाँउ सडक योजना लगायतमा रु.८४ लाख खर्च गरेकोमा सोको सार्वजनिक परीक्षण गरेको छैन । वडा वाट संचालित विभिन्न योजनाको सार्वजनिक परिक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरिनुपर्दछ । | |
| ५०. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय | |

| सि.नं. | विवरण | भूक्तानी वाँकी रकम |
|---|---|---|
| १ | शिक्षक पोशाक | १४४००००/- |
| २ | विद्यालय पाठ्पुस्तक | ४४९९०९/- |
| ३ | छात्रवुति | ३७१००/- |
| ४ | नपुग तलव भत्ता | ६९१७७/- |
| ५ | पि.सि.एफ. स्यालरी | ९००००/- |
| | **जम्मा** | **२०,८६,१८६/-** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ५१. | **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०४९ को नियम १४(२) अनुसार रितपूर्वकको कर विजक जारी गरी मू.अ.कर भुक्तानी दिनुपर्ने व्यवस्था छ । सार्वजनिक निर्माणको गो.भौ.नं. ५७ मिति २०७५/३/४ वाट पाल्ले मा.वि. तालकोट रचने सडक निर्माणमा डोजर भाडा वापत व्रिटिश एण्ड अनुभवी कन्स्ट्रक्सन प्रा.ली. (भ्याट नं. ३०४१७२१९१) कलङ्की, काठमाण्डौं लाई मू.अ.कर रू. ७८,११५।०० समेत रू. ६,००,८८४।९५ भुक्तानी गरेकोमा कर विजकमा विजक नम्वर उल्लेख गरेको देखिएन । नम्वर बेगरको विजक जारी गरी मू.अ.कर भूक्तानी लिएकोले मू.अ.कर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने, अन्याथा मू.अ. कर वापतको रकम असूल गर्नुपर्ने रु. ................................ | ७८,११५।०४ |
| ५२. | **प्रमाणः** २०-२०७५/२/२१, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई समेतको लेखा राख्नुपर्ने उल्लेख छ । ८ नं. वडा कार्यालयको खोर सुधार कार्यक्रम अन्तर्गत २ वटा बाख्राको खोर निर्माण गरेको भनि डोर हाजिरी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिका अध्यक्ष अनिता राईलाई रू. ४८,५००।- भुक्तानी गरेको छ । तर उक्त बाख्राको खोर कसको लागि निर्माण गरेको हो सो खुल्ने प्रमाण तथा सम्बन्धितलाई हस्तान्तरण गरेको प्रमाण पेश गरेको छैन । बाख्राको खोर निर्माण गरेको तथा सम्बन्धितलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४८५००।– |
| ५३. | **जिन्सी दाखिलाः** २२-२०७५/३/१, आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम जिन्सी दाखिला गर्नुपर्दछ । ८ नं. वडा कार्यालयको कम्प्यूटर खरिद कार्यक्रम अन्तर्गत वडा अध्यक्ष श्री हरी कुमार राईले मिति २०७५/१/२० मा विनोद इलोक्ट्रेनिक्स सेन्टर, ओखलढुङ्गाबाट १ थान ल्यापटप खरिद गरेको भनि बिल वनोजिम रू. ६८,०००।- खर्च लेखेकोमा उक्त ल्यापटप जिन्सी दाखिला गरेको देखिएन । खरिद भएको ल्यापटप गाँउपालिकाको एकिकृत जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नु पर्दपर्ने रु. | ६८०००।– |
| ५४. | **विल वेगर भुक्तानी :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालीकाले रामपुर सिरान मुलपधेरा/देवलीचौर सडक निर्माण गर्न रु.३,४०,८०९।१३ को लगत अनुमान तयार गरी कार्यालयवाट रु. ३,००,०००।०० अनुदान र वाँकी उपभोक्ता समितिको श्रमदानवाट निर्माण गर्ने गरी सम्भौता गरी मिति २०७४।१२।२७ मा कार्य सम्पन्न गरको छ । सो कार्यमा रु.३,१०,६६८।७५ को इक्साभेटर प्रयोग गरेको जनाए पनि सो को विल समावेश नगरेकोले आधिकारीक बिल पेश गर्नुपर्ने, अन्याथा असूल गर्नुपर्ने, रु. ....................................................... | ३१०६६८/- |
| ५५. | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ५६. | **न्याय सम्पादन** - न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार जग्गा साध सिमाना, अंशवण्डा, जग्गा किचलो, पानीको प्रयोग, गाली गलौज लगायतका १४ मुद्धा तथा निवेदन परेकोमा ११ मूद्धा तथा निवेदन मिलापत्र भई फछ्र्यौट गरेको र ३ मुद्धा तथा निवेदन फैसला हुन वाँकी देखिन्छ । वाँकी मूद्धा तथा निवेदन पनि फछ्र्यौट गर्ने तर्फ कारवाही अगाडी वढाउनु पर्दछ । | |
| ५७. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७४।५।३० मा सम्पन्न गाँउपालिकाबाट पारित कार्यक्रम र | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यान्वयनको अवस्था को Fallow up अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ५८. | **करको व्यवस्था :** आर्थिक वर्ष २०७४।७५ मा पालीकाले पुल हाउस तर्फ ५०००/-, र नविकरण तर्फ रु.१०००/-, क्यारामवोर्ड दर्ता तर्फ २०००/- नविकरण १०००/-, अंग्रेजी माध्यममा सिफारिस गत वर्ष रु.५००/- रहेकोमा यो वर्ष रु.१०००/- NGO/INGO दर्ता नविकरणमा रु.१०००/- र रु.५००/- , छात्रवृति अंग्रेजी/नेपाली रु.१०००/- र रु.५०/-, मूद्धा दर्ता रु.२००/- अमिन दस्तुर रु.१०००/-, सामाजिक संघसंस्था दर्ता रु.२००/- घर नक्सा पास रु.१००० /- र व्यवीायदर्ता प्रमाण शुल्क रु.५०० /- देखि १०००/- सम्म निर्धारण गरेको छ । | |
| ५९. | **कन्टिजेन्सि खर्च :** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा संकलन भए अनुसार नै रु.१९,६८,४०६।०० खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, वैकिंग कार्य, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । उक्त खर्च मध्ये ढुवानी तर्फ रु.९३,३००/-, पालीकाको ग्राउण्ड सम्याउने कार्य रु.३१,७५०/- र फर्निचर खरिद रु.१,९९,१०६/- र म.स्व.से.लाई प्रोत्साहन रु.१,३२,०००/- खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा १.५ प्रतिशत पूँजीगत र १.५ प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ । | |
| ६०. | **सेवा सुविधा :** : १ नं. प्रदेश सरकारले मिति २०७४।०२।१३ मा प्रमाणिकरण गरेको गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्थ गर्न बनेको ऐन, २०७४ को दफा ३ को उपदफा १ र दफा ८ को उपदफा १ संग सम्वन्धित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, सदस्यहरुको सुविधा सम्वन्धि खर्च विवरण अनुसार यस वर्ष गाउँपालिकाले रु.२८,८०,०००/- भुक्तानी गरेको छ । सो वाहेक गाउँसभाको निर्णयानुसार थप सुविधा खाजा, अनुगमन र यातायात खर्च वापत रु.४,८५,०००/- खर्च भूक्तानी गरेको छ । सेवा सुविधा अनुगमन खर्च मासिक रु.१०००/- देखि रु.६०००/- सम्म विभिन्न दरमा पदाधिकारीलाई तोकि एकमुष्ठ सुविधा ऐनले निर्धारण गरेकोमा उक्त सुविधा रु.२८,८०,०००/- वाहेक जनप्रतिनिधीहरुले कन्टेन्जेन्सी र चालु खातावाट थप रु.१०,८९,५००/- अनुगमन मूल्यांकन खर्च लिएकोमा सुविधा ऐनले तोके भन्दा वढी खर्च लेखेको रकम अनियमिति देखिएको, रु. …… | १५७४५०० /- |
| ६१. | **खरिद :** वित्तिय समानीकरण अनुदानको वचत रकमवाट कार्यालय भवन, गाडी खरिदको विषयमा निर्णय नगरेता पनि वचत रकमवाट खरिद तथा निर्माण गर्ने जनाएको र सोही वचत रकम वाट मिति २०७५।२।२३ को पालीकाको निर्णयानुसार गाउँपालीका अन्तर्गतका सडकहरुको मर्मत सम्भारमा एक जे.सि.वि. खरिद गर्न १५ दिने सुचना प्रकाशन गर्ने र खरिद प्रक्रिया अगाडी वढाउने निर्णय गरेकोमा यो वर्ष खरिद गरेको छैन । | |
| | **व.उ.शि.नं. ३६५८४४ साना सिंचाई तर्फ** | |
| ६२. | यो वर्ष गाँउपालीकालाई मिति २०७५।११।२८ को अख्तियारी तथा कार्यक्रम वमोजिम वार्षिक वजेट रु.३२ लाख ६० हजार व्यवस्था भएकोमा रु.४,७८,५९८/- निकासा तथा खर्च भई रु.२७,८१,४०२/- वजेट कार्यान्वयनमा आएको देखिएन । धाद्रे तामास्वारा पोखरी पोखरी सिंचाईको लागि उपभोक्ता समिति सँग ३० र ७० को संयुक्त साझेदारीमा रु.१३,२०,६४७ /- कूल लागत अनुमानमा सञ्चालित यस योजनामा यो वर्ष रु.४,७८,५९८/- भूक्तानी हुँदा उपभोक्ता योगदान ३३,१५१/- रहेको देखिन्छ । वजेटमा रकमको व्यवस्था हुने तर कार्यक्रम र वार्षिक लक्ष्य अनुसार पुंजी निर्माण नगर्दा वजेटको उपादेयता देखिएन । कार्यक्रम अनुासार वार्षिक कार्यसम्पादन नतिजा लिन श्रोत र समयको समन्वय गर्न आवश्यक छ । | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६३. | **व.उ.शि.नं. ३६५८१९३ र ३६५८१९४ स्थानीय शासन तर्फ** | |
| ६४. | यो वर्ष ७ जना सामाजिक परिचालकको २०७४ चैत्र १६ देखि आषाढ मसान्त सम्मको पारीश्रमिक रु.२,९४,०००/- र सूचना प्रविधि अधिकारीको रु.२,०२,५००/- समेत रु.४,९६,५००/- खर्च गरेको छ । २०७५ श्रावण देखि सामाजिक परिचालक लाई पालीकाले कार्यमा निरन्तरता दिएको छैन । त्यस्तै पुँजीगत तर्फ वायोमेट्रिक्स १७ थान प्रति थान रु.२०,५००।०० ले मू.अ.कर समेत रु.३,९३,८०५/- र कार्यालयमा प्रविधि जडान (CCTV/Dig.Board) लगायतमा रु. मू.अ.कर समेत रु.२,०४,४७३/- खर्च गरेको छ । वायोमेट्रिक्स १७ थान मध्ये लेखापरीक्षण अवधि सम्म ४ थान जडान भई १३ थान वाँकी देखिन्छ । वडा, विद्यालय, स्वास्थ्य संस्था एवं पालीकामा जडान गरी डिजिटल हाजिरी व्यवस्थापन गरिनुपर्दछ । | |
| ६५. | **व.उ.शि.नं. ३६५८४५३ गरिव सँग विशेश्वर तर्फ** | |
| ६६. | यो वर्ष गरिवी निवारण गरी आय आर्जन गर्न वार्षिक वजेट रु.४,२९,०००/- व्यवस्था भएकोमा सोही वरावर निकाशा तथा खर्च भएको छ । १ जना सामाजिक परिचालकको पारीश्रमिक रु.१३,०००/- ले १३ महिनाको रु.१,६९,००० /- र सचेतना तालीम रु.६०,०००/- एवं मोलुङ गापाको वडा नं. ३ र ५ अर्न्तगत ८ समूहलाई रु.२,००,०००/- Seed money उपलब्ध गराएको छ । उपलब्ध गराएको विउ पूँजीको उपयोग र लागत राख्नु पर्ने र समूहको प्रत्येक वर्षको आय व्यय विवरण लिई आय आर्जनको विश्लेषण गर्नुपर्नेमा गरेको छैन । विवरण लिई विश्लेषण तथा प्रभाव अध्ययन गरिनुपर्दछ । | |
| | **विषयगत क्षेत्र तर्फ (सशर्त अनुदान)** | |
| ६७. | यो वर्ष पशुसेवा सम्वन्धि सेवा प्रदान गर्न प्राविधिकहरुको पारीश्रमिक वापत रु.८,८७,०००/- वजेट व्यवस्था भएकोमा रु.६,४४,५१८/- खर्च भएको छ । ना.प्रा.स ३ जनाको लागि वजेट रहेकोमा करारमा काम लगाई खर्च गरेकोमा जनशक्तिको निरन्तरता देखिएन ।<br>कृषित र्फ ३ जना ना.प्रा.स करारमा राखी वार्षिक वजेट रु.९,६०,०००/- मा रु.९,५१,९३०/- निकाशा तथा खर्च भएको देखिन्छ ।<br>आर्यूवेद तर्फ वार्षिक वजेट रु.१९ लाख ५९ हजारमा रु. १७,४६,९९८/- खर्च भएको छ । धनवन्तरी, मेशिनरी औजार, तलव भत्ता, औषधी खरिद, स्तनपान, विद्यालय शिक्षा, पंचकर्म जस्ता कार्यक्रम संचालन गरेको छ । | |
| | **महिला विकास कार्यक्रम तर्फ** | |
| ६८. | यो वर्ष ५ थान परिचयपत्र वितरण गरेको, मोलुङ वडा ७,८,५ र ३ मा समूह समिति गठन र ३ दिने अनुशिक्षण र्काक्रम वापत रु.१,४३,६००/- खर्च मध्ये रु.५,०००/- का दरले ४ समितिलाई रु.२०,०००/- अनुदान उपलब्ध गराएको छ । विगतमा महिला विकास शाखाबाट विउ पूँजी तथा समूहगत अनुदानको लगत लिई पालीकामा व्यवस्थीत रुपले लागत जनाउनूपर्ने तथा सम्पूर्ण समूहको विउपूँजी तथा अनुदनवाट सिर्जित आयको आय व्यय विवरण लिई आय आर्जन कार्यमा परेको प्रभाव धकिन तथा विश्लेषण गरिनूपर्ने देखिन्छ । साथै यो वर्ष कून्तादेवी महिला वचत तथा ऋण सहकारी संस्थालाई विउपूँजी वापत रु.५०,०००/- एवं महिला स्वास्थ्य स्वयम सेविकालाई कामको प्रोत्साहन वापत रु.४,००,०००/- र सम्मान गरेको देखिन्छ । महिला विकास सम्वन्धि ५ वर्षे रणनिती योजनालाई समेत अन्तिम रुप दिनपर्ने तर्फ ध्यान दिन आवश्यक छ । | |
| ६९. | **स्वास्थ्य तर्फ** | |
| ६७.१ | ११ जना महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन भत्ताको रकम भुक्तानी गर्न हे.अ.रविन्द्र वोहरा (रागादिप) लाई एकमुष्ठ रु.१,३२,०००।०० उपलब्ध गराएकोमा निजले रकम वुझाएको | १३२०००/- |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | भरपाई पेश हुन नआएकोले भरपाई पेश गर्नुपर्ने, अन्यथा असूल गर्नुपर्ने रु.............. | |
| ६७.२ | न्यानो झोला : आ.व.२०७४।७५ मा १३० सेट न्यानो झोला खरिद गरि रु.१,१६,६३९/- खर्च लेखेको छ । यो वर्ष ९३ थान न्यानो झोला खर्च भई रु.३१४०३।०० मुल्य वरावरका ३५ सेट वांकी रहेकोले अगामी वर्षलाई जिम्मेवारी सार्नुपर्दछ । | |
| ६७.३ | आ.व. २०७४।७५ मा १३० सेट न्यानो झोला खरिद । ९३ थान न्यानो झोला खर्च भई स्वास्थ्य संस्थालाई दिएको टिकट अनुदान रु.४९०००/- को खर्चको अनुगमन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६७.४ | यो वर्ष स्वास्थ्य तर्फ व्यवस्था भएको वजेट रु.२,०२,७१,०००/- मध्ये रु.१,८९,६३,२९७/- तलवभत्ता तथा स्वास्थ्य सम्वन्धि कार्यक्रममा खर्च भएकोमा वाँकी रु.१३,०७,७०३/- मध्ये रु.५४/- निकाशा फिर्ता र वाँकी रु.१३,०७,६४९ /- शिक्षा क्षेत्र तर्फ शिक्षकको व्यवस्था भएको वजेट नपुग भई खर्च लेखेकोमा एक विषयगत क्षेत्रवाट अर्को विषयगत क्षेत्रमा रकमान्तर स्वीकृत नगरी खर्च गरेको रकम नियमित नदेखिएको रु...... | १३०७६४९/- |
| ७०. | **शिक्षा तर्फ** | |
| ६८.१ | कार्यक्रम वमोजिम गा.पा.मा उत्कृष्ट एक सामूदायिक अध्ययन केन्द्रलाई ICT व्यवस्थापनको लागि गएको रु.२,००,०००/- को ICT सम्वन्धि उपकरण खरिद, दाखिला तथा जडान गरेको प्रमाण पेश हुनुपर्ने रु....................................... | २००,०००/- |
| ६८.२ | सरस्वती मा.वि.लाई दोश्रो चौमासिकमा कूल रु.१६,०७,१५९ /- निकासा दिनु पर्नेमा रु.१६,३१,१५९/- दिएकोले वढी निकाशा भएको रु.२४,०००/- फिर्ता लिई वेरुजु खातामा दाखिला गर्नुपर्ने रु......... | २४,०००/- |
| ७१. | **भ्रमण :** भ्रमण खर्च रकम सकेसम्म न्यून गरी भ्रमण खर्च नियमावली,२०६४ वमोजिम सोमा मित्व्ययीता अपनाउनूपर्ने व्यवस्था छ । गाँउपालीका अध्यक्ष तथ उपाध्यक्षले योजना अनुगमन, तालिम, गोष्ठी आदिमा मासिक औषत रु.२४,०००/- का दरले रु.५,७६,०००/- वार्षिक दैनिक भ्रमण भत्ता खर्च लिएको देखिन्छ । पछिल्लो तेश्रो चौमासिक अन्तिम २ महिनामाा प्रति महिना ४ वटा का दरले दै.भ्र.भ. लिएको देखिन्छ । त्यस्तै एउटै गाँउपालीकामा कर्मचारी कामको सिलसिलामा जादाँ Contingency तथा अनुगमन मूल्याङ्कन शिर्षक वाट वार्षिक औषत रु.१० लाख, वडाध्यक्ष तथा कार्यपालीको सदस्य लाई औषत रु.५,९४,०००/- भुक्तनी भएको देखिन्छ । दैनिक भ्रमण भत्ता खर्चको आधिकारीक मापदण्ड स्थान, काम कार्यप्रकृती लगायका विषयलाई आधार वनाई खर्च गर्ने मापदण्ड तयार गर्नुपर्ने देखिन्छ । मापदण्ड नवनाउँदा अत्याधिक रुपमा चालु खर्चले प्रश्रय पाउने देखिँदा यस तर्फ तत्काल सुधार गरी भ्रमण अभिलेख र सोको मापदण्ड तयार गरिनु आवश्यक छ । | |
| ७२. | **गाँउपालीका तर्फ** | |
| ७०.१ | संस्था विकास सेवा प्रवाह र सुशासनमा रु.९,७६,०००/- वजेट वाडफाँड गरेकोमा रु.४ लाख खर्च गरेको छ । उक्त खर्च पालीकाको सेवा प्रवाहमा संस्थागत संरचनामा सुधार तथा नागरिकलाई सेवा प्राप्तीमा सहज पहुँच पुऱ्याउने उद्देश्य रहेकोमा पालीकाको मिति २०७४।६।२६ को निर्णयानुसार २०७४।६।३० देखि २०७४।७।१ सम्म मोलुङ रामपुरमा वडास्तरिय भलीवल प्रतियोगिता गराई रु. ४ लाख खर्च गरेको रकम वजेट वाँडफाडँको उद्देश्य अनुसार नदेखिदा अनियमिति देखिएको रु. ...... | ४०००००/- |
| ७०.२ | लेखापरीक्षण वित्तिय व्यवस्थापन तथा सुशासन तर्फ रु.१५ लाख ५० हजार मध्ये रु.९ लाख खर्च गरेको देखिन्छ । गापा वाट संचालित कार्यक्रमको सार्वजनिक लेखापरीक्षण गरी प्रतिवेदन लिने व्यवस्थालाई कार्यान्वयनमा ल्याईनूपर्दछ । | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>७०.३</td><td>वातावरण तथा विपद व्यवस्थापन तर्फ रु.४० लाख वजेट छुट्याएकोमा रु.३५०७७९१/- खर्च भएकोमा निम्नानुार देखिएको छ :
<table>
<tr><th>विपद कार्यहरु</th><th>कुल खर्च</th><th>उपभोक्ता योगदान</th><th>योगदान प्रतिशत</th></tr>
<tr><td>प्राप्चा श्रीचौर मोटर वाटो निर्माण</td><td>१०८०५२६/-</td><td>९४९९०/-</td><td>९</td></tr>
<tr><td>टेकनपुर ढुस्के रागडिप मोटरवाटो</td><td>९२१५००/-</td><td>१९२४९६/-</td><td>२०</td></tr>
</table>
उपभोक्ता योगदान घटी नगर्ने तर्फ ध्यान दिन आवश्यक छ । यो वर्ष १२०० विरुवा वास रोपणमा रु.३ लाख र फोहोर व्यवस्थापन वापत डोको वितरणमा ८४,०००/- र वनसम्वन्धि सचेतना गोष्ठि रु. ५ लाखको कार्य सम्पन्न गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>७३.</td><td>१९-०७५/२/२३, वरुणेश्वर खेलकुद मैदान निर्माण (मोलुङ २) गर्न Transportation of mud and Gravel for play ground filling by tractor वाट २२७५० घन मिटर वरावरको कार्य गर्न प्रति घनमिटर रु.१५००।०० ले हुने रु.३,४१,२५०/- को इष्टिमेट तयार गरी सोही अनुसार टेक्टरवाट कार्य गराएको भनि कार्य सम्पन्न प्रतिवेदनमा समेत उल्लेख गरी उपभोक्ता समितिलाई रु.२,९१,०००/- भुक्तानी गरेको छ । ट्रयाक्टरलाई भुक्तानी भएको विल भरपाई पेश हुन नआएकोले उक्त भुक्तानी रकम नियम सम्मत नदेखिएको रु. .....</td><td>२९१०००/-</td></tr>
<tr><td>७४.</td><td>२७-०७५/२/८, गौरी डाडा स्वास्थ्य आमा समुह (वडा ७) मा फर्निचर खरिदको विल अनुसार रु.२,४१,५०० /- मात्र खर्च लेख्नुपर्नेमा रु.२,४२,५००/- खर्च लेखी वढी भुक्तानी भएको रकम रु.१०००/- गाँउपालीकाको कोषमा फिर्ता दाखिला हुनुपर्दछ, रु. ..</td><td>१०००/-</td></tr>
<tr><td>७५.</td><td>जिन्सी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी वाधी श्रेस्ता खडागरी आम्दानी वाँधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ । तर निम्नानुसार खरिद गरीएका जिन्सी सामान आम्दानी वाधेको नपाईएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>वार्ड नं.</th><th>संस्था</th><th>खरिद गरेको सामान</th><th>परिमाण</th><th>मुल्य</th></tr>
<tr><td rowspan="3">२७-०७५/२/८</td><td rowspan="3">७</td><td rowspan="3">गौरीडाडा स्वास्थ्य आमा समुह</td><td>काठको कुर्सि</td><td>४०</td><td rowspan="3">२४१०००</td></tr>
<tr><td>दराज</td><td>६</td></tr>
<tr><td>सादा टेवल</td><td>१०</td></tr>
<tr><td rowspan="4">१३-०७४/१२/७</td><td rowspan="4">१</td><td>सरस्वती मा.वि.</td><td>वेन्च</td><td>२२</td><td rowspan="4">१५००००</td></tr>
<tr><td></td><td>डेक्स</td><td>२२</td></tr>
<tr><td></td><td>सादा काठको कुर्सि</td><td>१०</td></tr>
<tr><td></td><td>सादा टेवल</td><td>२</td></tr>
<tr><td rowspan="4">८-०७४/११/१५</td><td rowspan="4">१</td><td rowspan="4">जीवन प्रदिप मा.वि.</td><td>वेन्च</td><td>२२</td><td rowspan="4">१५००००</td></tr>
<tr><td>डेक्स</td><td>२२</td></tr>
<tr><td>सादा काठको कुर्सि</td><td>१०</td></tr>
<tr><td>सादा टेवल</td><td>२</td></tr>
<tr><td rowspan="5">२३-०७५/३/१५</td><td rowspan="5">८</td><td rowspan="5">रागद्धिपमा हेल्थ युनिट व्यवस्थापन</td><td>अफिस टेवल</td><td>४</td><td rowspan="5">३०००००</td></tr>
<tr><td>अफिस दराज</td><td>५</td></tr>
<tr><td>अफिस र्‍यक</td><td>३</td></tr>
<tr><td>टेवल हेवि</td><td>३</td></tr>
<tr><td>किचन दराज</td><td>१</td></tr>
<tr><td rowspan="2">६४-०७५/३/१७</td><td rowspan="2">गापा</td><td rowspan="2">पाल्ले मा.वि.</td><td>वेन्च</td><td>५०</td><td rowspan="2">२२५०००</td></tr>
<tr><td>डेक्स</td><td>५०</td></tr>
</table></td><td>१,८६,४००/-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४६-०७५/३/२८</td><td>६</td><td>वालविकास शिक्षा खोलाखकर्क</td><td>वेन्च</td><td>२१</td><td rowspan="2">१२०४००</td></tr>
<tr><td></td><td></td><td></td><td>डेक्स</td><td>२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६.</td><td>१६/०७४/१२/५, ढन-ढने खानेपानी मर्मत कार्यवापत रु.९७०००।०० खर्च लेखी खानेपानी मर्मत समितिलाई भूक्तानी दिएको छ । पाइपलाइनको लागि जमिन खन्ने कार्यवापत रु.६८५९३।२०, ३२ MM- HDP १०० रनिङ्ग मिटरको रु. ५५३७।००, २० MH ५० रनिङ्ग मिटरको रु. १५७५०।०० र मु.अ.कर रु.२७६७।३४ समेत रु. ९२६४७।५४ मात्र भुक्तानी हुनुपर्नेमा रु.९७०००।०० भूक्तानी भएकोले वढी भुक्तानी भएको रु.४३५२।०० र २० एम.एम.को खरिद विल अनुसार २०० मिटर मात्र खरिद गरेको देखिदा कार्यसम्पन्न प्रतिवेदनमा ५०० मिटर प्रयोग भएको देखाएई विल भुक्तानी भएको छ । खरिद भन्दा वढी देखिएको ३०० मिटर प्रति मीटर रु.३१.५० ले हुने रु.९४५०।०० समेत रु.१३,८०२।– वढी भुक्तानी हुन गएको रकम असूल गरी दाखिला हुनुपर्ने रु. ..</td><td>१३,८०२।–</td></tr>
<tr><td>७७.</td><td>वडा नं. ३ पुँजीगत</td><td></td></tr>
<tr><td>७८.</td><td>गाँउपालीकाको वाड नं. ३ मा कृषि कार्यक्रम अन्तर्गत मालभोग केराको विरुवा ३६० प्रति विरुवा रु.१०५/- ले रु.३७,८००/- र Gs Tissue १३०० प्रति विरुवा रु.९२ /- ले रु.१,१९,६०० /- समेत रु.१,५७,४००/- खरिद गरी न्यू पशुपत्ति नर्सरी इटहरी सुनसरीका नाउमा खर्च लेखेको छ । सोही ठाउँवाट १३५० केराको विरुवा ढुवानी गरेको भनि स.१ ज ५१५ नं. को वलेरो गाडी चालक लाक्पा तामाङले ढुवानी भाडा मागेको देखिदा ३१० विरुवा खरिद गरेको देखिदैन । त्यस्तै प्रति किसान ४ वटाका दरले १९६ किसानलाई ७८४ मात्र वितरण गरेको देखिदा खरिद मध्ये वितरण नभएको ५६६ वटा देखिन्छ । अतः खरिद नै नगरेको ३१० को प्रति रु.१०५/- हुने रु.३२५५० /- र खरिद मध्ये वितरण भएको नदेखिएको ५६६ गरेको प्रति गोटा रु.९२/- ले हुने रु. ५२०७२/- समेत रु.८४,६२२ /- असुली गरि दाखिला गर्नुपर्ने रु. ................</td><td>८४६२२/-</td></tr>
<tr><td>७९.</td><td>भरपाई : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न वाडाकार्यालयहरुमा वैठक वसेको प्रमाण वेगर रु. ५५०००/- खर्च लेखेको रकमको खर्च पुष्टि हुने प्रमाण पेश गर्नु अन्यथा असुल गर्नुपर्ने रु. .......
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>वार्ड नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td rowspan="5">२-०७४/९/२५</td><td>४ (चालु)</td><td>अध्यक्ष मानवहादुर तामाङ्ग</td><td>५०००</td></tr>
<tr><td>२</td><td></td><td>सदस्य टेकनाथ खतिवडा</td><td>५०००</td></tr>
<tr><td>३</td><td></td><td>सदस्य दिल कुमारी खतिवडा</td><td>५०००</td></tr>
<tr><td>४</td><td></td><td>सदस्य दिव वहादुर नेपाली</td><td>५०००</td></tr>
<tr><td>५</td><td></td><td>सदस्य कविता विश्वकर्मा</td><td>५०००</td></tr>
<tr><td></td><td></td><td colspan="2">जम्मा</td><td>२५०००/-</td></tr>
</table>
</td><td>२५०००/-</td></tr>
<tr><td>८०.</td><td>रितपुर्वको विजक : मु.अ.कर ऐन, २०५३ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए वमोजिमको आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नं. उल्लेख गरी अनुसुचि वमोजिमको रितपुर्वकको सिलसिलेवार नम्बर सहितको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष वडा नं. ५ को वाघचिन्दो पात्ले मा.वि. रचने तालकोट वजार सडक निर्माणमा डोजर प्रयोग गरी कुकि कन्सट्रक्सन प्रा.लि.लाई मु.अ.कर रु. २,१८,५८४।०० समेत रु. १६,८१,४१५।०० भुक्तानी भएकोमा कन्सट्रक्सन ले पेश गरेको मिति २०७४।११।१६ को विल नं. ६१ हातले सच्याएको पाईएकोले निजले कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा मू.अ कर असुल हुनुपर्ने रु. .........</td><td>२१८५८४/-</td></tr>
<tr><td>८१.</td><td>पुँजीगतको रकम चालुमा खर्च : गाउँपालीकाले प्रत्येक वडा कार्यालयलाई चालु खर्च वापत रु. ४ लाख विनियोजन गरेकोमा निम्न वडाहरुमा विनियोजन भन्दा वढी पूँजीगतवाट रकम चालुमा ट्रान्सफर गरी खर्च लेखेको रकम नियमित नदेखिएको रु. ..</td><td>५,८०,०००/-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>८२.</td><td>
<table>
<tr><th>सि.नं.</th><th>वडा नं.</th><th>वजेट</th><th>खर्च</th><th>वढी खर्च</th></tr>
<tr><td>१</td><td>१</td><td>४०००००/-</td><td>६१६०००/-</td><td>२१६०००/-</td></tr>
<tr><td>२</td><td>२</td><td>४०००००/-</td><td>५४४०००/-</td><td>१४४०००/-</td></tr>
<tr><td>३</td><td>६</td><td>४०००००/-</td><td>५०००००/-</td><td>१०००००/-</td></tr>
<tr><td>३</td><td>७</td><td>४०००००/-</td><td>५२००००/-</td><td>१२००००/-</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>५,८०,०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३.</td><td>कार्यक्रम वेगरको खर्च : वार्षिक कार्यक्रम स्वीकृत गराई मात्र खर्च गर्नुपर्नेमा गाँउपालीकाले कृषि कार्यक्रम तर्फ धान दिवस मनाउन रु.१,२६,९६०।०० खर्च लेखेकोमा सो खर्च वार्षिक स्वीकृत कार्यक्रममा नरहेको हुनाले नियम सम्मत नदेखिएको रु. .....</td><td>१२६९६०/-</td></tr>
<tr><td>८४.</td><td>बेरुजू - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३ लाख ७९ हजार, अनियमित बेरुजू रु.६८ लाख २६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१९ लाख ७८ हजार र पेश्की बाँकी देखिएको रु.१३ लाख ७० हजार समेत रु.१ करोड ५ लाख ५३ हजार बेरुजू कायम भएकोमा कार्यालयबाट प्रारम्भिक प्रतिवेदन उपर प्रमाण कागजात तथा जवाफ प्राप्त हुन नआएकोले सोही रकम वेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>८५.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>वाँकी (C=A-B)</th></tr>
<tr><td>६७,४०</td><td>९,४६</td><td>५७,९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६.</td><td>अद्यावधिक वेरुजू स्थिति : मोलुङ गाँउपालीकाको आर्थिक वर्ष २०७४।७५ सम्मकको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)</th><th>यो वर्षको सं.पं बाट कायम वेरुजू रु (D)</th><th>यो वर्षको कायम वेरुजू ( रु) (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>५७,९४</td><td>०</td><td>१,०५,५३</td><td>१,६३,४७</td></tr>
</table>
</td><td></td></tr>
</table>

अनुसूची: १

# मोलुङ्ग गाउँपालिका ओखलढुंगाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | ओखलढुंगा | मोलुङ्ग गाउंपालिका | ६० | ३२ | १०५५३ | ० | ० | ० | ६० | ३२ | १०५५३ | ३७९ | ६८२६ | १९७८ | ० | ० | ९१८३ | १३७० | ० | १३७० |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| | मोलुङ गाउँपालिका | ओखलढुंगा | ४९०८ | १४१०८१ | १४१५९६ | ३६६७ | २८६३४४ | १६७८१० | ८६४०५ | २५८७ | २५६८०२ | ३४४५० |